# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, भदौ ३ गते २०४२ साल (अतिरिक्ताङ्क २३

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

256

## विध्वंसात्मक अपराधलाई विशेष रूपले नियन्त्रण गर्न तथा तत्सम्बन्धी सजाय गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्था कायम राख्न, सर्वसाधारणको जिउज्यान र धन सम्पत्ति तथा महत्त्वपूर्ण, सार्वजनिक, सरकारी र गैरसरकारी स्थान, भवन र साधनहरू समेतको सुरक्षा गर्न विध्वंसात्मक अपराधलाई विशेष रूपले नियन्त्रण गर्न तथा तत्सम्बन्धी सजायको विशेष व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "विध्वंसात्मक अपराध (विशेष नियन्त्रण तथा सजाय) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र नेपाल अधिराज्यबाहिर जहाँसुकै रहे-बसेको भएको भए तापनि नेपालको नागरिक वा सरकारी कर्मचारी वा सरकारी कार्यालय वा नेपालमा दर्ता भएको हवाईजहाज वा त्यसको कार्यालय र त्यसमा काम गर्ने कर्मचारीको सम्बन्धमासमेत लागू हुनेछ ।

(४) यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षसम्म लागू रहनेछ ।

तर श्री ५ को सरकारले आवश्यक सम्झेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यो ऐनको अवधि अर्को दुई वर्षसम्म बढाउन सक्नेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,—

(क) "विध्वंसात्मक अपराध" भन्नाले देहायबमोजिमको कुनै कार्य सम्झनु पर्दछः—

(१) नेपाल अधिराज्य वा त्यसको कुनै भागको सुरक्षा, शान्ति र व्यवस्था वा शासन व्यवस्थामा खलल वा आघात पार्ने उद्देश्यले कुनै प्रकारको हातहतियार, बम वा विस्फोटक पदार्थ प्रयोग गरी कुनै स्थानको सम्पत्ति तोडफोड गर्ने वा त्यस्तो स्थानमा मानिसको जिउज्यान जाने, अंगभंग हुने वा चोटपटक लागी घाइते तुल्याउने कार्य वा आगो लगाउने वा अन्य कुनै प्रकारले क्षति पुऱ्याउने वा सार्वजनिक उपभोगको वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जिउज्यान जाने वा अंगभंग हुने वा अन्य क्षति पुऱ्याउने वा माथि उल्लिखित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५८

कुनै कार्य गरी त्यस्तो कार्यद्वारा जनसाधारणलाई वा आवत-जावत गर्ने वा भेला हुने व्यक्तिलाई आतङ्कित तुल्याउने वा त्यस्तै अन्य कुनै कार्य गर्ने, वा

(२) उपखण्ड (१) बमोजिमको उद्देश्यको निमित्त सो उपखण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जिउज्यान लिने, अंगभंग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारीको साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतङ्कित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधनसहित वा साधनरहित अपहरण गर्ने वा त्यस्तो कार्यको षडयन्त्र वा उद्योग गर्ने वा दुरुत्साहन दिने वा त्यस्तो कार्यद्वारा आतङ्कित तुल्याउने, वा

(३) उपखण्ड (१) र (२) बमोजिमको उद्देश्यले कुनै प्रकारको हात-हतियार वा बम वा विस्फोटक पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, राख्ने, ओसार-पसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिंड्ने वा जडान गर्ने वा त्यस्तो कार्यमा सघाउ पुऱ्याउने, वा

(४) माथिका उपखण्डहरूसंग सम्बद्ध अन्य कुनै प्रकारले व्यक्ति वा सम्पत्ति-लाई क्षति पुऱ्याउने नियतले सार्वजनिक जनजीवनमा भय वा त्रासको आतङ्क फैलिने गरी गरिएका अन्य कुनै कार्य ।

(ख) "हातहतियार" भन्नाले मानिसको जिउज्यान जाने, अंगभंग हुने, चोट-पटक लागी घाइते तुल्याउने वा अन्य कुनै प्रकारले जिउलाई जोखिम तुल्याउन सक्ने कुनै प्रकारको हातहतियार, तोप, बन्दूक, पिस्तोल वा यस्तै अन्य विभिन्न प्रकारका साधन वा यन्त्र, खरखजाना वा अन्तर्राष्ट्रिय वा नेपाली प्रचलन अनुसार हातहतियार भनी जनाउने अन्य कुनै चीजवस्तुसमेतलाई सम्झनु पर्दछ ।

(ग) "बम" भन्नाले कुनै पनि प्रकारको पदार्थ वा साधनद्वारा निर्मित अन्य कुनै साधनद्वारा वा स्वतः विस्फोट हुने गरी बनाइएको सैनिक वा गैरसैनिक प्रयोगमा आउने ग्रीनेड लगायत कुनै पनि प्रकारको विस्फोटक पदार्थयुक्त अस्त्र सम्झनु पर्दछ र यस शब्दले अन्तर्राष्ट्रिय वा नेपाली प्रचलन अनुसार बम भनी जनाउने कुनै अस्त्रलाईसमेत जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

233

(घ) "विस्फोटक पदार्थ" भन्नाले पड्की क्षति पुऱ्याउने टी. एन. टी., एमाटोल, बाराटोल, पेन्टोलाइट, आर. डी. एक्स., टोरपेक्स, प्लाष्टिक एक्स्प्लोसिभ, डाइनामाइट, बारूद, नाईट्रोग्लिसरीन, जेलेग्नाईट, स्टेमाईट, सेल्लाईट, गन-कटन, ब्लाष्टिङ पाउडर वा कुनै प्रकारको विस्फोटक पदार्थ भनी अन्तर्राष्ट्रिय वा नेपाली प्रचलन अनुसार जनाउने जुनसुकै पदार्थलाई सम्झनु पर्दछ ।

(ङ) "विषालु पदार्थ" भन्नाले कुनै पनि प्रकारको विष वा त्यस्तो विष मिसाइएको स्थूल धूलो वा तरल पदार्थलाई र कुनै प्रकारको विषालु धुँवा वा ग्यासलाई समेत जनाउँछ ।

(च) "तोकिएको अधिकारी" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनु पर्दछ ।

(छ) "आदेश" भन्नाले श्री ५ को सरकारले वा तोकिएको अधिकारीले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी वा नगरी जारी गरेको आदेश सम्झनु पर्दछ ।

३. विध्वंसात्मक अपराधः (१) कसैले यस ऐनबमोजिमको विध्वंसात्मक अपराध गरेमा यसै ऐनबमोजिम कारवाई तथा सजाय हुनेछ ।

(२) कसैले विध्वंसात्मक अपराध गर्ने उद्योग वा षडयन्त्र गरेमा वा सो अपराध गर्न दुरुत्साहन दिएमा वा सल्लाह दिएमा वा विवश गराएमा वा सो अपराध गर्न गराउनको लागि एकभन्दा बढी व्यक्ति जम्मा गरेमा वा त्यस्तो काम गर्न गिरोह वा समूह खडा गरेमा वा त्यस्तो काम गर्न गराउन खटन-पटन गरेमा वा त्यस्तो काममा स्वेच्छाले वा पारिश्रमिक लिई वा नलिई भाग लिएमा वा त्यस्तो विध्वंसात्मक अपराधको काम गर्ने उद्देश्यले हातहतियार, बम वा विस्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गरेमा वा राखेमा वा ओसार-पसार वा आयात-निर्यात गरेमा वा बिक्री वा अन्य कुनै प्रकारले लिनु-दिनु गरेमा वा त्यस्तो विध्वंसात्मक अपराधको काम गर्ने कुराको प्रचार-प्रसार गरे गराएमा त्यस्तो कार्यसमेत विध्वंसात्मक अपराध गरेको मानी त्यस्ता व्यक्तिउपर यस ऐनबमोजिम कारवाई तथा सजाय हुनेछ ।

४. ऐनको बहिर्क्षेत्रीय प्रयोगः विध्वंसात्मक अपराध गर्ने व्यक्तिले नेपाल अधिराज्य वा नेपाली जनता वा नेपालको कुनै सम्पत्तिलाई लक्षित गरी त्यस्तो अपराध नेपाल अधिराज्यबाहिर बसी गरेको भए तापनि निजले त्यस्तो अपराध नेपाल अधिराज्यभित्र बसी गरेसरह मानिई निजलाई यसै ऐनबमोजिम कारवाई र सजाय हुनेछ ।



आधिकारिकता २८० विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. विध्वंसात्मक अपराध रोक्न विशेष अधिकारः प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अंचलाधीश वा प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्र र तोकिएको अधिकारीले आफूलाई तोकिएको क्षेत्रभित्र विध्वंसात्मक अपराध रोक्न देहायको कुनै वा सबै काम गर्न आदेश दिन सक्नेछः–

(१) विध्वंसात्मक अपराध गरिरहेको वा गर्ने व्यक्ति भागी उम्की जाने वा पक्रन नसकिने अवस्था देखेमा गोली हान्ने,

(२) विध्वंसात्मक अपराध गर्ने व्यक्तिले जबर्जस्ती कब्जा गरिराखेको वा बन्धक बनाइराखेको स्थान वा सवारी साधन वा हवाईजहाजबाट त्यहाँ रहेका मानिसलाई छुटाउन वा निजहरूको जिउज्यानमा पर्न सक्ने क्षति, जोखिम वा आतङ्क हटाउन वा अन्य नोक्सानीबाट बचाउन जो चाहिने आवश्यक बल प्रयोग गर्ने, हातहतियार प्रयोग गर्ने वा गोली हान्ने,

(३) विध्वंसात्मक अपराधको कार्यमा संलग्न भएको छ भनी शंका लागेको व्यक्तिलाई पक्राउ पूर्जीविना तुरुन्त पक्राउ गर्ने र बाटोको म्यादबाहेक तीन दिनभित्र पक्राउ पूर्जी दिने,

(४) अवैध हातहतियार, खर-खजाना, बम वा विस्फोटक पदार्थ राखेको छ वा त्यस्तो कुरासंग सम्बन्धित कुनै शंकास्पद व्यक्ति लुकी छिपेको छ भन्ने शंका लागेमा जुनसुकै व्यक्तिको घर, पसल, गोदाम, यातायातको साधन वा अन्य कुनै स्थानमा पूर्वसूचनाविना जुनसुकै समयमा खानतलासी लिने,

(५) खण्ड (३) वा (४) बमोजिम पक्राउ गर्दा, खानतलासी लिंदा वा अन्य कुनै कारवाई गर्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्ने,

(६) विध्वंसात्मक अपराध र त्यस्तो कार्य रोक्ने प्रयोजनको लागि कुनै पनि स्थान वा बाटोघाटोमा कसैको जिउ वा निजको साथमा रहेको सामान वा निजले प्रयोग गरेको साधन, स्थान वा चढेको कुनै प्रकारको सवारी साधनको खानतलासी लिने ।

६. हातहतियार साथमा लिई हिंड्न निषेध गर्न सकिनेः (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल अधिराज्यभर वा कुनै क्षेत्रमा तोकिदिएको समयसम्मको लागि कसैले प्रचलित नेपाल कानून अनुसार लाईसेन्स प्राप्त हातहतियार आफ्नो साथमा लिई हिंड्न मनाही गर्ने गरी र त्यस्तो हातहतियार सो तोकिएको अवधिभरको लागि तोकिएको ठाउँमा जम्मा गर्नु पर्ने गरी आदेश जारी गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०१

(२) उपदफा (१) बमोजिमको आदेश उल्लंघन गरेमा त्यस्तो हातहतियार जफत हुनेछ ।

७. दण्ड सजायः (१) विध्वंसात्मक अपराध गरी कसैको जिउज्यान गएको रहेछ भने त्यस्तो अपराध गर्ने गराउने वा षड्यन्त्र गर्ने मुख्य व्यक्तिलाई र त्यस्तो अपराध गर्न अह्राउनेलाई मृत्युदण्डको सजाय हुनेछ ।

(२) उपदफा (१) र (३) बमोजिम सजाय हुने व्यक्तिबाहेक यस ऐनबमोजिमको अपराध गर्ने अन्य व्यक्तिलाई कसूरको मात्रा हेरी पाँच वर्षदेखि जन्म कैदसम्म हुनेछ । त्यस्तो अपराध गर्ने व्यक्तिबाट धनसम्पत्ति क्षति भएको रहेछ भने सो क्षति निजको आफ्नो अंश भागबमोजिम हुने चल-अचल सम्पत्ति लिलाम गरी त्यसबाट भराई दिइनेछ । त्यसरी भराई दिइँदा क्षतिपूर्ति दिनु पर्ने रकम निजको त्यस्तो सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकमबापत प्रचलित नेपाल कानूनबमोजिम जरिवाना नतिरेसरह गरी हुन आउने अवधिसम्म कैद हुनेछ ।

(३) दफा ५ को खण्ड (४), (५) वा (६) बमोजिम खानतलासी लिंदा कसैले जानाजानी बाधा विरोध गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

८. जफत गर्नेः (१) कसैले यस ऐनबमोजिम सजाय हुने अपराध गरेमा त्यस्तो कसूर गर्नको लागि कुनै साधन प्रयोग गरेको रहेछ भने त्यस्तो साधन जफत हुनेछ ।

तर सवारी साधन प्रयोग गरिएकोमा सवारी साधनको धनीको सहमतिविना प्रयोग गरिएको रहेछ भने, त्यस्तो सवारी साधन जफत हुनेछैन ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको अपराध कार्यको लागि प्रयोग गरिएको प्रचार-प्रसारको साधन जफत हुनेछ ।

(३) कसैले यस ऐनबमोजिम सजाय हुने अपराध दफा ४ बमोजिम नेपाल अधिराज्यबाहिर बसी गरेको ठहरिएमा निजलाई दफा ७ अनुसार हुने सजायको अतिरिक्त नेपाल अधिराज्यभित्र रहेको निजको आफ्नो अंशभागको चल-अचल सम्पत्तिसमेत जफत हुनेछ ।

९. मुद्दा हेर्ने अधिकारी र पुनरावेदनः (१) यस ऐनअन्तर्गतको कसूरसम्बन्धी मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ । त्यस्तो अदालतलाई आवश्यकतानुसार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐनअन्तर्गतको मुद्दामा कारवाई र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ३०२

तर अभियुक्तलाई थुनामा राख्ने सम्बन्धमा विशेष अदालत ऐन, २०३१ को दफा ९ को उपदफा (२) को खण्ड (छ) वा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने मनासिब कारण भए सो र सोसम्बन्धमा सरकारी वकीलको समेत कुनै जिकीर भए सोसमेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सक्नेछ ।

(३) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) अन्तर्गतको अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले सत्तरी दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्नेछ । त्यस्तो पुनरावेदनको कारवाई र किनारा सर्वोच्च अदालतको घटीमा तीनजना न्यायाधीशको इजलासबाट हेरिनेछ ।

१०. सरकारवादी हुने: यस ऐनअन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनूसूची–१ मा परेको मानिनेछ । यस ऐनबमोजिमको अपराधको सरजमिन वा मौका तहकिकात र प्रहरी प्रतिवेदन गर्दा रहनु पर्ने प्रहरी कर्मचारीमा कम्तीमा सहायक प्रहरी निरीक्षक दर्जाको प्रहरी कर्मचारी रहनेछ ।

११. विशेष कार्यविधि: (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विध्वंसात्मक अपराध गर्ने व्यक्ति फेला नपरी फरार भएमा फरार भएको अवस्थामा पनि निजउपर यस ऐनबमोजिम कारवाई गरी सजाय गर्न बाधा पर्नेछैन ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघि घटेको, तर तत्काल प्रचलित नेपाल कानूनबमोजिम अदालतमा मुद्दा दायर भै नसकेको कुनै विध्वंसात्मक अपराधका सम्बन्धमा हुने कानूनी कारवाई र सजाय यसै ऐनमा परेसरह मानी यसै ऐनबमोजिम हुनेछ ।

(३) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम कारवाई चलाइएको मुद्दामा मुछिएको अभियुक्तले श्री ५ को सरकार, प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसंग महत्त्वपूर्ण कुरा वा सबूद प्रमाण देखाइदिएमा वा अपराधको वास्तविक नेतृत्व गर्ने मुख्य अपराधी पत्ता लगाउने काममा प्रत्यक्ष सहयोग दिएमा त्यस्तो अभियुक्तलाई सरकारी गवाहको रूपमा कायम गर्न सकिनेछ र त्यस्तो अभियुक्तलाई त्यसरी सरकारी गवाहको रूपमा कायम गरिएमा प्रचलित नेपाल कानूनबमोजिम कुनै सजाय हुनेछैन ।

तर निजले झुट्टा कुरा लेखिदिएमा वा बनावटी प्रमाण पेश गरेमा वा मनासिब कारण नभई रीस ईबीले काम गरेको देखिएमा त्यस्तो व्यक्तिलाई अभियुक्तसरह



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मानी सजाय हुनको लागि सरकारी वकीलको दाबी भएमा अदालतले सोबमोजिम सजाय दिन सक्नेछ ।

(४) यस ऐनअन्तर्गतको अपराधसम्बन्धी मुद्दामा कारवाई र किनारा गर्दा बन्द इजलासमा गर्न श्री ५ को सरकारबाट लेखी आएमा सम्बन्धित अदालतले सोहीबमोजिम गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बन्द इजलासमा हेरिने मुद्दाको मिसिल कागजात गोप्य रहनेछ र सम्बन्धित अभियुक्त, सरकारी वकील र पुनरावेदकलाई मात्र सम्बद्ध कागजातको नक्कल दिन सकिनेछ ।

(६) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको अपराधमा मुछिएको अभियुक्तलाई पक्राउ भएको मितिले बढीमा नब्बे दिनसम्म अनुसन्धानको लागि प्रहरी हिरासतमा राख्न सकिनेछ । कुनै मनासिब कारणले उक्त अवधिभित्र अनुसन्धानको कार्य पूरा हुन नसकेमा मुद्दा हेर्ने अदालतको स्वीकृति लिई बढीमा थप नब्बे दिनसम्म प्रहरी हिरासतमा राख्न सकिनेछ ।

१२. <u>यस ऐनअन्तर्गतको मुद्दा अर्को ऐनअन्तर्गत चल्न सक्नेः</u> (१) यो ऐनबमोजिम कारवाई चलाइएको कुनै मुद्दा अन्य प्रचलित नेपाल कानूनबमोजिम पनि कारवाई चल्न सक्ने रहेछ भने त्यस्तो कानूनबमोजिम कारवाई चलाई सजाय गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कारवाई चलाई सजाय गर्ने गरी परिवर्तन गर्न सरकारी वकीलले सम्बन्धित अदालत समक्ष स्वीकृतिका लागि अनुरोध गरेमा त्यस्तो अदालतले स्वीकृति दिनेछ ।

१३. <u>असल नियतले गरेकोमा बचाउः</u> यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमअन्तर्गत असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै काम कारवाईको सम्बन्धमा कुनै अधिकारी वा व्यक्ति सजायको भागी हुनेछैन ।

१४. <u>नियम बनाउने अधिकारः</u> यो ऐनको उद्देश्य कार्यान्वियन गर्नको लागि श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

१५. <u>बाधा अड्काउ फुकाउनेः</u> यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ ।

१६. <u>हद म्याद नहुनेः</u> यो ऐनअन्तर्गतको मुद्दामा नालेस दिन कुनै हद म्याद हुनेछैन ।

१७. <u>बचाउः</u> यस ऐनमा लेखिएजति कुरामा यसै ऐनबमोजिम हुनेछ र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

लालमोहर सदर मितिः– २०४२।५।३।२

आज्ञाले,
ध्रुवबरसिंह थापा
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०४